## श्री सर्वोच्च अदालतमा प्रस्तुत गरिएको
## लिखित जवाफ

फाँट नं. रिट – ६ रिट नं. ०७७–WO–०९७३(०७७–FN–०५०९)

मार्फत : श्री महान्यायधिवक्ताको कार्यालय, रामशाहपथ काठमाडौं ।

जिल्ला प्रशासन कार्यालय ललितपुरका तर्फबाट प्रमुख जिल्ला अधिकारी ढुण्डी प्रसाद निरौला ......... प्रस्तुतकर्ता

**विरूद्ध**

ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १६ पतको टोल बस्ने बर्ष २२ को रुक्शना कपाली .......... .विपक्षी

**मुद्दा– उत्प्रेषण, परमादेश ।**

रिट निवेदकले यस कार्यालय समेतलाई विपक्षी बनाई नेपालको संविधानको धारा १, १२, १६, १७, १८, २७, २८, ३१, ३३, ३५, ३७, ३८, ३९, ४२ एवं १३३ (२) (३) तथा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४० वमोजिम उत्प्रेषण/परमादेशको आदेश वा पुर्जी जारी गरी पाउँ भनी सम्मानीत सर्वोच्च अदालतमा दिएको उत्प्रेषण/परमादेश मुद्दामा तहाँ सम्मानित सर्वोच्च अदालतबाट १५ (पन्ध्र) दिन भित्र लिखित जवाफ पेश गर्न मिति २०७७।१२।३१ मा भएको आदेश मिति २०७८।०१।०९ गतेका दिन यस कार्यालयमा तामेल भएकोले तोकिएको म्याद भित्रै निम्न बमोजिमको सबुद प्रमाण सहितको लिखित जवाफ प्रस्तुत गरिएको छ ।

(१) विपक्षी निवेदकले निवेदनमा उल्लेख गरेको जिकिर संलग्न प्रतिउत्तर साथ समावेश भएकोले व्यहोरा सोही प्रतिउत्तर पत्रबाट अवगत हुने नै हुँदा यहाँ पुनराबृत्ति गरिएको छैन ।

(२) विपक्षी रिट निवेदकको रिट निवेदनमा लिएको जिकिर सम्बन्धमा संलग्न नागरिकता, शैक्षिक प्रमाणपत्रहरु लगायतका कागजपत्र तथा विपक्षी निकायहरुमा गरिएका पत्राचारहरुमा मेरो वास्तविक लैङ्गिक पहिचान विपरीतका नाम तथा लैङ्गिक विवरण उल्लेख छ । यी कागजपत्रहरु सार्वजनिक भएको अवस्थामा मेरो व्यक्तिगत विवरणको गोपनीयता समेत भङ्ग हुन जाने भएकोले उक्त नागरिकता, शैक्षिक प्रमाणपत्रहरु, विपक्षी निकायहरुमा गरिएका पत्राचार लगायतका कागजपत्रहरुलाई गोप्य राख्न, यस मुद्दासँग सम्बन्धित अधिकारी वाहेक अरु कुनै व्यक्ति, संस्था, सञ्चारमाध्यमलाई उपलब्ध नगर्नु नगराउनु एवं कुनै हिसाबले सार्वजनिक नगर्न नगराउन अन्तरिम आदेश तथा यस मुद्दा किनार लागिसकेपछि ती कागजपत्रहरुलाई अरु कुनै हिसाबले सार्वजनिक नगर्न नगराउन पूर्णत गोप्य राख्ने । मेरो लैङ्गिक पहिचानको सहि प्रतिनिधित्व नगर्ने नाम तथा लैङ्गिक विवरण उल्लेख छ । म त्यस नाम तथा लैङ्गिक विवरणले चिनिन चाहन्न । त्यस्ता नाम तथा लैङ्गिक विवरणले सम्बोधन हुँदा मेरो आत्मसम्मानमा गम्भीर चोट पुग्नुका साथै मलाई मनोभावनात्मक पीडा समेत निम्त्याउँछ । तसर्थ यस रिट निवेदनको कामकारवाही, सुनुवाई, बहस लगायत विपक्षीद्वारा पठाइने लिखित जवाफमा समेत त्यस नाम तथा लैङ्गिक विवरणबाट मलाई सम्बोधन नगर्न नगराउन र निवेदनमा उल्लिखित रुक्शना नामबाट नै सम्बोधन गर्न गराउन एवं मेरो मृतनामको प्रयोग, उल्लेख र सम्बोधन नगर्न नगराउन अन्तरिम आदेश जारी गरी पाउँ । त्यस नाम तथा लैङ्गिक विवरणको बारेमा जिकिर गर्नुपर्दा निजको मृतनाम अथवा निजको शैक्षिक प्रमाणपत्रमा उल्लेख नाम भनि सम्बोधन वा जिकिर गरी पाउँ । मेरो व्यक्तिगत कागजप्रमाणहरुमा उल्लेखित नाम तथा लैङ्गिक विवरण मेरो वास्तविक लैङ्गिक पहिचान अनुसार लैङ्गिक विवरण महिला र नाम रुक्शना कपाली उल्लेख गरि संशोधन गर्न गराउन भनि जन्मदर्ताको हकमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, ललितपुर महानगरपालिकाको

प्रमुख जिल्ला अधिकारी

निवेदक स्वयंको हुने नेपाल नागरिकता ऐन, २०६३ को दफा १७ मा विवरणा सच्याउने (१) कुनै व्यक्तिले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित थर वा उमेर शैक्षिक योग्यताको प्रमाणपत्रमा फरक पर्न गई वा नागरिकताको प्रमाणपत्रमा सानातिना त्रुटी भई सो विवरण सच्याउन चाहेमा आवश्यक प्रमाण सहित तोकिएको अधिकारी समक्ष निवेदन दिनुपर्नेछ भन्ने कानूनी प्रावधान रहेको हुँदा निजले महिला भएको प्रमाण पेश गरेको अवस्थामा लिङ्गको महलमा महिला उल्लेख गरी नागरिकता प्रमाण पत्र संशोधन गरी प्रतिलिपि नेपाली नागरिकता प्रमाण पत्र दिइने नै छ ।

(ख) अतः विपक्षी रिट निवेदकको जिकिरमा कुनै सत्यता नभएको, आधारहीन, कपोलकल्पित एवम् झुठा भएकोले विपक्षी निवेदकले दिएको उत्प्रेषण/परमादेश निवेदन त्रुटीपूर्ण भएकोले यस कार्यालयको हकमा खारेज भागी छ ।

(६) प्रस्तुत मुद्दा इजलाश समक्ष पेश हुँदा उपस्थित हुनु हुने विद्वान सरकारी वकीलको बहस जिकिर समेतलाई यसैको अभिन्न अंग मानि पाउँ ।

(७) माथि लेखिएको व्यहोरा ठिक साँचो हो झुठ्ठा ठहरे कानून वमोजिम सहुँला बुझाउँला ।

प्रस्तुतकर्ता

(ढुण्डी प्रसाद निरौला)
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय,
ललितपुर

इति सम्बत् २०७८ साल बैशाख १९ गते रोज १ शुभम्...........................................